**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**

जावलाखेल, ललितपुर

**ल्यापटप खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०७७/११/४)**

यस प्रतिष्ठानको लागि ल्यापटप खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीले बोलपत्र फाराममा उल्लिखित शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम खरिद गर्न फर्म/कम्पनीले आधिकारिक पत्र, दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर प्रमाण-पत्र र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र पेश गर्नु पर्नेछ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

| क्र.सं. | विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति र समय | फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १. | ल्यापटप-२५ (पच्चीस) थान | रु.३,०००/- | मिति २०७७ चैत्र ४ गते, बुधबारसम्म (कार्यालय समयभित्र) | मिति २०७७ चैत्र ५ गते, बिहिबार दिनको १२:०० बजेसम्म | मिति २०७७ चैत्र ५ गते, बिहिबार दिनको १२:३० बजेपछि |

## ल्यापटप खरिद सम्बन्धी बोलपत्रदातालाई जानकारी तथा शर्तहरू

१. ल्यापटप खरिद सम्बन्धी बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र रु.३,०००/- (तीनहजार मात्र) (फिर्ता नहुने) तिरी यस प्रतिष्ठानबाट खरिद गर्न सकिनेछ र ३१औं दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र फाराम यस प्रतिष्ठानमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिनको १२:३० बजेपछि बोलपत्रदाता वा निजको मञ्जुरीनामा पत्र सहितको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । फर्म/कम्पनीको आधिकारिक पत्र र परिचय-पत्र विना बोलपत्रदाता तथा फर्म/कम्पनीले दिएको मञ्जुरीनामा पत्र र परिचय-पत्र विना बोलपत्रदाताको प्रतिनिधिलाई बोलपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. ***सिलबन्दी बोलपत्र फारामसाथ निम्नलिखित कागजपत्रहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :***

(क) फर्म/कम्पनी दर्ता प्रमाण-पत्र (नवीकरण भएको/सम्बन्धित कार्य गर्न इजाजत प्राप्त भएको) को प्रमाणित प्रतिलिपि

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(ग) आ.ब.२०७६/७७ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(घ) बोलपत्र जमानत बापत कम्तीमा रु.७७,८२९/(सतहत्तरहजार आठसय उनन्तीस) मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.**००७००१०१६३२३४** मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र बोलपत्र फाराम पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० (एकसय बीस) दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति

(ङ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाँए नपाएको भनि लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

**(च) बोलपत्रदाताले उपलब्ध गराउने सम्बन्धित ल्यापटपको निर्माता कम्पनीले ल्यापटप बिक्री तथा मर्मत कार्यका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर (Nepal Administrative Staff College, Jawalakhel, Lalitpur) को नाममा लेखेको आधिकारिक Manufacturer's Authorization Letter**

(छ) पावर अफ एटर्नीको सक्कल प्रति



Scanned with CamScanner

३. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/कम्पनीले आधिकारिक पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरेपछि मात्र बोलपत्र फाराम दिइनेछ। बोलपत्रदाताले यस प्रतिष्ठानबाट वितरित बोलपत्र फाराम नै प्रयोग गर्नु पर्नेछ। अन्य तवरले प्राप्त बोलपत्र फाराम मान्य हुने छैन।

४. जुन फर्म/कम्पनीले बोलपत्र फाराम खरिद गरेको हो सोही फर्म/कम्पनीबाट मात्र बोलपत्र फाराम पेश गर्न पाइनेछ।

५. बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक सही तथा फर्म/कम्पनीको छाप लागेको हुनु पर्नेछ र बोलपत्रको खाम बाहिर "नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान" तथा "ल्यापटप आपूर्ति सम्बन्धी बोलपत्र" उल्लेख गरेको हुनु पर्नेछ।

६. बोलपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा वा प्रतिष्ठानमा बिदा पर्न गएमा क्रमश: बिदापछि कार्यालय खुलेको दिन उल्लिखित समय र स्थानमा बोलपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ।

७. सिलबन्दी नभएको, म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखिएको वा बुँदा नं. २ मा उल्लिखित कागजपत्रहरू पेश नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन

८. बोलपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नु पर्नेछ। अंक र अक्षरको बीचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ। बोलपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य र जम्मा मूल्यमा फरक पर्न गएमा प्रति इकाई मूल्यलाई मान्यता दिइनेछ। बोलपत्र फाराममा केरमेट भएमा केरमेट गरिएको ठाउँमा बोलपत्रदाताले सही गर्नु पर्नेछ।

९. बोलपत्रदाताले प्रस्ताव गरेको ल्यापटपको सक्कले क्याटलग/ब्रोस्योर/विवरण-पत्रका साथै प्राविधिक बनावट कन्फिगरेशन पेपर आदि बोलपत्र फारामसाथ पेश गर्नु पर्नेछ।

१०. बोलपत्रदाताले प्रस्ताव गरेको ल्यापटप सन् २०२० वा सोभन्दा पछि बनेको हुनु पर्नेछ।

११. बोलपत्रदाताले प्रस्ताव गरेको ल्यापटप Leader in Gartner's Magic Quadrant for Global Enterprise Desktops and Notebooks Published on 2019/20 मा सूचीकृत भएको हुनु पर्नेछ।

१२. बोलपत्रदाताले प्रस्ताव गरेको ल्यापटपको लागि मर्मत सम्भार, आवश्यक परेमा सम्वन्धित सामानहरू फेर्ने तथा साट्ने सम्वन्धमा कम्तीमा १ (एक) वर्ष वा १ (एक) वर्षभन्दा कम नहुने गरि ल्यापटप उत्पादकले तोके अनुसारको वा बोलपत्रदाताले तोके अनुसारको अवधिको लागि वारेण्टी हुनु पर्नेछ। दिइएको वारेण्टी अवधि उत्पादकको वेवसाइटबाट प्रमाणीकरण गर्न सकिने हुनु पर्दछ।

१३. वारेण्टी अवधिभित्र प्राविधिक त्रुटी (Technical/Manufacturing Defect) का कारणले गरिने मर्मत सम्भार, फेरिने तथा साटिने सामानहरूको कुनै पनि भुक्तानी प्रतिष्ठानले गर्ने छैन। बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ। साथै मर्मत सम्भार आदि कार्यका लागि प्रतिष्ठानबाट ल्यापटप बुझिलिई लैजाने र ७ (सात) दिनभित्र मर्मत सम्भार कार्य गरी प्रतिष्ठानमा फिर्ता ल्याउने व्यवस्था बोलपत्रदाता आफैले गर्नु पर्नेछ।

१४. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा बढी अंकको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ।

१५. बोलपत्र स्वीकृत भएको १५ (पन्ध्र) दिनभित्र प्रतिष्ठानमा खरिद सम्झौता गर्न आउन स्वीकृत बोलपत्रदातालाई जानकारी गराइनेछ। खरिद सम्झौता गर्न आउँदा कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) बापत **प्रतिष्ठानले तोके अनुसारको** रकम मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.००७००१०१६३२३४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र **प्रतिष्ठानले तोके अनुसारको म्याद भएको** बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ। तोकिएको अवधिभित्र खरिद सम्झौता गर्न नआएमा स्वीकृत बोलपत्रदाताको बोलपत्र जमानत रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ।

१६. खरिद सम्झौतामा सही गर्न फर्म/कम्पनीको आधिकारिक पत्र र परिचय-पत्र सहित स्वीकृत बोलपत्रदाता आफै वा फर्म/कम्पनीले दिएको मञ्जुरीनामा पत्र र परिचय-पत्र सहितको आफ्नो प्रतिनिधि तथा एक जना साक्षी सहित उपस्थित हुनु पर्नेछ।



Scanned with CamScanner

१७. बोलपत्र पेश गर्ने बोलपत्रदाताको बोलपत्र जमानत स्वीकृत बोलपत्रदाता र प्रतिष्ठानबीच खरिद सम्झौता भएपछि फिर्ता गरिनेछ ।

१८. ल्यापटप खरिद सम्बन्धमा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाताबीच हुने खरिद सम्झौताको म्याद दुवै पक्षबाट खरिद सम्झौतामा सही भएको मितिले सम्झौतामा उल्लिखित अवधिसम्म कायम रहनेछ ।

१९. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौतामा सही भएको मितिले ६० (साठी) दिनभित्र सम्बन्धित ल्यापटप प्रतिष्ठानमा उपलब्ध गराउनु पर्नेछ ।

२०. स्वीकृत बोलपत्रदाताले उपलब्ध गराउने ल्यापटपको गुणस्तर तथा स्पेसिफिकेशन बोलपत्र फाराम/खरिद सम्झौतामा उल्लेख भए अनुसारको हुनु पर्नेछ ।

२१. स्वीकृत बोलपत्रदाताले उपलब्ध गराउने ल्यापटप उत्पादक कम्पनीको वेबसाइटबाट प्रमाणीकरण गर्नको लागि स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा ल्यापटप उपलब्ध गराउँदा Original Equipment Manufacturer (OEM) सिरियल नं. (Serial No.) को सूची पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२२. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराएको ल्यापटप प्रतिष्ठान वा प्रतिष्ठानले तोकेको प्राविधिक/बिशेषज्ञबाट Post Delivery Inspection (PDI) गराई ल्यापटप उपयुक्त भएको प्रतिवेदन प्राप्त भएपछि मात्र स्वीकार गरिनेछ ।

२३. स्वीकृत बोलपत्रदाताले उपलब्ध गराएको ल्यापटपको Post Delivery Inspection (PDI) पछि ल्यापटपमा प्रतिष्ठानको आवश्यकता अनुसार System software, Application software स्वीकृत बोलपत्रदाता आफैले Install गरिदिनु पर्नेछ ।

२४. बोलपत्र फाराममा उल्लिखित ल्यापटपको परिमाणमा प्रतिष्ठानको आवश्यकता अनुसार थपघट भएमा पनि स्वीकृत बोलपत्रदाताले स्वीकार गर्नु पर्नेछ ।

२५. खरिद सम्झौताको म्यादभित्र प्रतिष्ठानलाई बोलपत्र फाराममा उल्लिखित ल्यापटपको परिमाणभन्दा थप आवश्यक परेमा प्रतिष्ठानले माग गरे अनुसार स्वीकृत बोलपत्रदाताले खरिद सम्झौतामा उल्लेख भएको मूल्यमा नै प्रतिष्ठानमा उपलब्ध गराउनु पर्नेछ ।

२६. ल्यापटप उपलब्ध गराउनका लागि स्वीकृत बोलपत्रदातालाई प्रतिष्ठानले कुनै पनि पेश्की (एडभान्स पेमेण्ट) दिने छैन ।

२७. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने ल्यापटप प्रतिष्ठानको स्टोर शाखामा दाखिला भएको प्रतिवेदन प्राप्त भएपछि मात्र एकमुष्ट भुक्तानी दिइनेछ ।

२८. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने ल्यापटप प्रतिष्ठानको स्टोर शाखामा दाखिला भएको मितिदेखि मात्र वारेण्टी अवधि गणना गरिनेछ ।

२९. प्रतिष्ठानमा ल्यापटप उपलब्ध गराए वापत तिर्न बुझाउनु पर्ने कर, शुल्क, महसुल वा अन्य यस्तै भुक्तानी गर्नु पर्ने सबै दायित्वहरू स्वीकृत बोलपत्रदाताको हुनेछ ।

३०. स्वीकृत बोलपत्रदातालाई प्रतिष्ठानबाट गरिने भुक्तानी रकमबाट नियमानुसार लाग्ने करकट्टी गरी मात्र भुक्तानी दिईनेछ ।

३१. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता अनुसार कार्य नगरेमा वा खरिद सम्झौतामा उल्लिखित अवधिभित्र प्रतिष्ठानमा ल्यापटप उपलब्ध नगरेमा वा उपलब्ध गराएका ल्यापटप बोलपत्र फाराम/खरिद सम्झौतामा उल्लेख भए अनुसारको गुणस्तर तथा स्पेसिफिकेस अनुसारको नभएमा प्रतिष्ठानले उक्त ल्यापटप अन्यत्रबाट खरिद गर्न सक्नेछ । यसरी खरिद गर्दा खरिद सम्झौतामा उल्लिखित रकमभन्दा बढी लागेमा बढी लागेको रकम प्रतिष्ठानले स्वीकृत बोलपत्रदाताबाट असूल गरिनेछ वा प्रतिष्ठानले खरिद सम्झौता खारेज गरी स्वीकृत बोलपत्रदाताको कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

३२. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता अनुसार प्रतिष्ठानमा ल्यापटप उपलब्ध गराई सकेपछि र ल्यापटपको वारेण्टीको अवधि समाप्त भएपछि मात्र नियमानुसार कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम बिना ब्याज फिर्ता गरिनेछ ।

३३. बोलपत्र सम्वन्धी कुनै संशोधन गर्नु परेमा सो को जानकारी प्रतिष्ठानको सूचना पाटीमा टाँस गरिनेछ ।

NASC



Scanned with CamScanner

३४. खरिद सम्झौता सम्बन्धमा कुनै विवाद उठेमा श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको निर्णय अन्तिम हुनेछ र हुने निर्णय प्रतिष्ठान र स्वीकृत बोलपत्रदाता दुवैलाई मान्य र अन्तिम हुनेछ ।

३५. बोलपत्र फाराम तथा खरिद सम्झौतामा उल्लिखित शर्तहरू बाहेक अन्य कुराको हकमा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाता दुबैको आपसी सहमति बमोजिम हुनेछ ।

३६. यस जानकारी तथा शर्तमा उल्लेख नभएका कुराहरूको हकमा बोलपत्र फाराम तथा यस प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ बमोजिम हुनेछ ।

३७. यस सम्बन्धी विस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

## Technical specification for Laptop

| | | | |
|---|---|---|---|
| **Brand** | Mention the brand name (must be Listed as leader in Gartner's Magic Quadrant for Global Enterprise Desktops and Notebooks, Published on 2019/20) (Must be the Business Series) | | |
| **Model** | Mention the name of Model No. | | |

| S. N. | Description | Requirement | |
|---|---|---|---|
| 1 | **Processor** | Generation: 11th<br>Processor: Intel Quad core i7 (12MB Cache or higher) | |
| 2. | **Clock Speed** | Minimum 2.8 to 4.7 GHz or Higher | |
| 3. | **Main Memory** | 8GB onboard DDR4, Expandable up to 16 GB | |
| 4. | **Hard Drive** | 512 GB M.2 SSD | |
| 5. | **Webcam / Microphone** | HD camera with Microphone | |
| 6. | **Graphics** | Integrated Intel Graphics | |
| 7. | **Audio** | 2w*2 Dolby Audio | |
| 8. | **Ports** | USB Ports | Minimum 1 USB 3.2 Gen 1(Type-A) Port |
| | | | Minimum 1 USB 3.2 Gen 1(Type-C) Port |
| | | HDMI | 1 HDMI 1.4 Port |
| | | Display Port | 1.4 Port |
| | | Ethernet | Gigabit Ethernet, Realtek |
| 9. | **Security Chips** | Discrete TPM 2.0 TCG certified | |
| 10. | **Batteries** | 3 cell battery, 45WHr or Higher | |
| 11. | **Keyboard** | Standard full size spill-resistant keyboard | |
| 12. | **Display** | 14.0 inch Full HD | |
| 13. | **Operating System** | Free DOS | |
| 14. | **WiFi/Bluetooth** | 802.11ac 2x2 WiFi and Bluetooth | |
| 15. | **Color** | Any | |
| 16. | **Warranty** | Minimum 1 (one) year parts and labor on all parts or warranty provided by manufacturer/supplier whichever is greater. Free support must be provided by the supplier including transport to and from NASC office. | |
| 17. | **Bag Pack** | Same Brand | |

**Terms of Reference**

1) Suppliers must
   i. Manufacturer authorization letter must be in the name of Nepal Administrative Staff College, Jawalakhel, Lalitpur from OEM.



Scanned with CamScanner

ii. Warranty in Nepal must be verified from OEM website.
iii. Have Compliance to repair and replace the damaged parts for technical defects (except human damage) during the warranty period within 7 working days.

2) Manufacturing year of purposed laptop must be 2020 or latest.
3) The quoted brand name (must be Listed as leader in Gartner's Magic Quadrant for Global Enterprise Desktops and Notebooks, Published on 2019/20).

NASC



Scanned with CamScanner